# प्रदेश सभा
# सुदूरपश्चिम

२०७६/०५/०१
चौथो अधिवेशन
(३६औं वैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३६औँ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

ढ्यापवढ्यापेमा **माननीय कुन्ती जोशी :-** माननीय सभममुख महोदय, डेडलधुरा जिल्लाको पर्शुराम नगरपालिकाको वडा न. ८ को गैरिगाउँ भन्ने ठाउँमा आज भन्दा ३ दिन अगाडिदेखि हैजा सुरुभएर धेरै जनता हरु पिडित भएको खवर आएको छ । पहिलो चरणमा १०/१२ जनालाइ सरुवाका हिसाबले अहिले १ जना ठिक भयो भने २ जना ठिक भयो भने अर्कोलाइ सर्ने खालको हैजा छ । त्यसैकारणले सोहि ठाउँका जनतालाइ उपचार गराउनका निम्ति हाम्रो प्रदेश सरकारको टोलिलाइ त्याहाँ ध्यान आकर्षण गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।र प्रदेश सरकारको सम्वन्धित मन्त्रालयले त्यो ठाउँका लागि र त्यहाँका जनताका लागि उपचारका निमित्त हाजिकरण गर्नको निमित्त हादिक अनुरोध गर्न चाहान्छु हवस्त धन्यावाद ।

**ढ्यापवढ्यापेमा**

**माननीय अमर वहादुर साउद :–**माननीय सभामुख माहोदय, आर्थिक वर्ष समापन भइरहँदा साउन १ गतेदेखि असोज मसान्त सम्म सम्पुर्ण व्यपारिहरुले कर तिरि सक्नुपर्ने एउटा प्रावधान छ जस अनुसार हरेक देशमा करतिर्ने करदाता हरुलाइ राज्यका विभिन्न प्रकारका कर तिर्ने सुविधा सहित अन्य करछुटका प्रावधान हरु प्रदान गरेको हुन्छ । तर हाम्रो सुदूरपश्चिम प्रदेशको आन्तरिक राजस्व कार्यालयमा अहिले सम्पुर्ण व्यपारि हरुले कर तिर्नका लागि ९ वटै जिल्ला वाट धनगढीको आन्तरिक राजस्व कार्यालयमा आफ्नो सानो तिनो व्यवसायको धेरै थोरै करतिर्ने जुन प्रिरिस्थितिमा घण्टौ र २\३ दिन सम्म लाइन लागेर व्यपारिहरुले आफ्नो कर तिर्नुपर्ने वा राजस्व वुझाउनुपर्ने स्थिति छ । जसकालागि यस्तो टण्टलापुर घाम र असारको महिनामा विभिन्न व्यस्तताका वावजुद ति व्यापारिहरुले घण्टौं सम्म लाइन लाग्नुपर्ने प्ररिस्थितिलाइ मध्यनजर गर्दै हाम्रो प्रदेश सरकारले पनि यि करदाताहरुलाइ उच्च सम्मानका साथ सहज ढंगले यो ३ महिना साउन १ गते देखि असोज मासान्त सम्म यो जुन तिन महिना कर तिर्ने एउटा समय राखेको छ र यसको अतिरिक्त करतिर्ने काउन्टरको व्यवस्था गर्ने ति करदाताहरुलाइ करतिर्ने व्यवस्था गरियोस भन्ने आग्रह प्रदेश सरकारलाइ आग्रह गर्दै यो प्ररिस्थितिलाई, व्यपारिहरुको पिरमर्कालाइ मध्यनजर गरोस भन्ने कुरा राख्न चाहान्छु हवस्त धन्यावाद ।

२. **माननीय सदस्यहरू,**

अब **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरु,**

अब म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री **माननीय विनिता देवी चौधरी**लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि सभाबाटै दफाबार छलफल गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विनिता देवी चौधरी :–** माननीय सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"**विधेयक माथि सभामा सामान्य छलफल भइसकेको र दफावार छलफलको लागि सम्वन्धित समितिमा पठाउन आवस्यक नदेखिएकोले

प्रदेश सभा नियमावलि २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि सभामा दफावार छलफल गरियोस भनि यो प्रस्ताव प्रस्थुत गर्दछु धन्यावाद ।

***(प्रस्ताव पेश भए पछि)***

**४. माननीय सदस्यहरु,**

अब म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***(हुन्न भन्ने आवाज नआएमा)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभाबाटै दफावार छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**५. माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको दफावार छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकका दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम **माननीय बल बहादुर सोडारी** लाई समय दिन्छु ।

**माननीय बल बहादुर सोडारी :–** माननीय सभामुख महोदय, **सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** हाम्रो भुमि व्यवस्था तथा सहकारि मन्त्री ज्युले सभावाटै परित हुनुपर्छ भन्ने प्रस्ताव टेवुल गरिसक्नु भएको छ । यो विधेयक आजभन्दा धेरै अगाडि पास भैसक्नु पर्दथ्यो यो महत्व पुर्ण विधेयक हो र यसको म स्वागत गर्न चाहान्छु र यसमा मलाइ पनि के लागेको छ भन्दा यसमा धेरै छलफल गरेर समितिमा लैजानुपर्ने लागिरहेको छैन र केहि कुराहरु जस्तै हामिले सामान्य तरिकाले होर्दा यो विधेयक २०७५ राख्नुको साट्टा २०७६ हुनुपर्छ भन्ने एउटा वुदा र अर्को परिक्षेद १ देखि परिषेद ८ सम्मका वुँदाहरु पढ्दा व्यक्ति फर्म र संघ संस्था भन्ने ठाउँमा हामिले समुह र सहकारि थप्नुपर्छ भन्ने सोचे र अर्को हाम्रो यो कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन संघको अर्को भुमि व्यवस्था तथा सहकारि मन्त्री अध्यक्ष र राज्यमन्त्री भुमि व्यवस्था तथा सहकारि राज्य मन्त्री भन्ने ठाउमा सूलेश दिएर साहायक मन्त्री पनि हुनुपर्छ र अर्को सदस्य मनोनित गर्ने ठाउँमा मन्त्री ज्युले नै मनोनित गर्ने भन्ने लगायतका केहि र अर्को यो प्रत्येक वुदाहरुमा जुन जुन ठाउँमा व्यक्ति कम्पनि संघ संस्था भएको ठाउँमा समुह र सहकारि थप्नु पर्छ भन्ने देखेको छु र यो भन्दा वढि थप्नुपर्ने जस्तो मलाइ लाग्दैन यो विधेयक पास भयो भने हाम्रो कृषि प्रणालिमा आधुनिकता आउनेछ आधुनिक कृषि प्रणालि ले टेवा पुऱ्याउनेछ । र हाम्रो मुलुकको वेरोजगारि समस्या हल हुनेछ र वेरोजगारि युवाहरुले विदेश पलाइन

हुनवट रोकिनेछन हाम्रा युवाहरु रोजगार पाउनेछन भनाइका साथ यो विधेयकको पक्षमा पासगर्न पर्छ भन्ने भनाइका साथ विदाहुन्छु धन्यावाद ।

**माननीय श्यामलाल राना थारु :–** माननीय सभामुख महोदय, हाम्रो सुदुरपश्चिम प्रदेश सरकारको तर्फवाट भुमितथा कृषि सहकारि मन्त्री ज्युले **सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाइ जुन प्रस्थुत गर्नु भएको छ यसमा आजको यस सभामा दफावार छलफलको सम्वन्धमा भनिरहँदा माननीय सभामुख महोदय वास्तममा हाम्रो मुलुक कृषि प्रधान देश हो र यस अर्थमा हाम्रो प्रदेश पनि नितान्त रुपमा कृषि प्रधान नै रहेको छ । हाल सम्म एउटा व्ययस्थित विधेयकका कारणले पनि कृषि तथा पशुपालन व्यवसायमा जुन व्यवस्थित तरिकाले सरकारले दिनुपर्ने सेवा सुविधा अनि संघसस्थाहरुले पाउनु पर्ने सेवा सुविधा र जनताले पनि जुन सेवा सुविधा हो त्यसलाइ व्यवस्थित गर्नेकाम हुने छ भन्ने मैले महसुस गरेको छु । अहिलेसम्मै वास्तममै यो कृषि क्षेत्रमा विगतका वर्षहरुदेखि ठुलो मात्रामा वजेट विनियोजित भएको छ । हामिले अहिले सम्म हेर्दा खासै कृषिक्षेत्रमा परिवर्तन आएको देखिदैन त्यसमा परम्परागत हिसाबले जुन सुक्ष्म तरिकाले व्यापक भ्रष्टाचारको कुरापनि छ । बजेटको सदुपयोग हुन नसकेको अवस्था पनि छ । किन कि समयमा जनताहरुले मल नपाउने अनुदान हरु नपाउने कारणले गर्दा खेरिमा कृषि क्षेत्रमा खासै परिवर्तन भइसकेको अवस्था छैन । तर अव यस सुदूरपश्चिम प्रदेशले यो विधेयक पारित भईसकेपछि विधेयकमा भएका व्यवस्थालाई अक्षेरस पालनागर्ने सवालमा अगाडि वढेको खण्डमा अवस्यपनि यो प्रदेशले कृषि क्षेत्रमा परिवर्तन ल्याउन सक्नेछ । यो प्रदेशलाइ आत्म निर्धर वनाउन सक्नेछ । रोजगारको क्षेत्रलाइ व्यापक रुपमा स्वरोजगारको अवस्था सृजना गर्ने छ । बेरोजगारको समस्यालाइ समाधान गर्ने छ । रोजगारको सृजना हुनसक्छ भन्ने हामिले महशुस गरेका छौं । यसमा विधेयकको दफादार छलफल गरिरहँदा यसमा केहि जटिल सव्दहरु पनि यो मिट मार्ट ग्रेडिङ प्याकेजिङका कुराहरु छन सरलिकृत भासामा गर्नुपर्ने र याहाँ धेरै कुराहरु समेटिएका छन र केहि कुराहरु म याहाँ थप सुझाव व्यक्त गर्न चाहान्छु । दफा ४ को जुन समितिको वैठक सम्वन्धि व्यवस्थाकको कुरा छ समितिको अध्यक्षता माननीय मन्त्री ज्युले गर्नुपर्ने र उनको अनुपस्थितिमा राज्यमन्त्रिले गर्नुपर्ने तर दुवैजनाको अनुपस्थितिमा जुन सदस्यहरुले छानेको व्यक्तिले अध्यक्षता गर्नुपर्ने जुन तोकिएको छ । मलाइ लाग्छ यसभन्दा पनि विधि सम्मत जेष्ठ सदस्यले गर्नुपर्ने वा जुन हाम्रो यो दफाको सिरियल नं. को हिसाबले प्रोटोकल मिलाइएको छ । त्यसरि अध्यक्षता गर्नुपर्ने व्यवस्था भएकोमा प्रष्ट हुनेथियो भन्ने मलाइ लाग्छ । विभिन्न ठाउँमा तोकिएको भन्ने शव्द भएको छ । यो तोकिएको शव्दले के हुन्छ भनेपछि यो अस्पस्टता जाहेर गर्दछ त्यसैले यो तोकिएको ठाउँमा धेरै ठाउँमा प्रष्ट गर्न नसकिएला तर यो नियम र कार्यविधि बनाएपछि प्रष्ट हुनेछ भन्ने मलाइ लाग्छ । त्यसकारणले धेरैठाउँमा तोकिएको भन्दापनि केहिकुराहरु उल्लेख गर्नसके यो कार्य विधिको वारेमा यो कार्यविधि वा नियमावलि बनाई सकेपछि ऐन नियम वनाइ सकेपछि त्यसमा तोकिएको हुनेछ भन्ने कुरापनि उल्लेख गर्नसके झन राम्रो हुनेछ भन्ने मैले महशुस गरेको छु । समग्रमा यो विधेयक लाइ पढ्दाखेरि मा धेरै कुराहरु छन । मलाइ लाग्छ यसले ठुलो परिवर्तन ल्याउनेछ । यो

विधेयकलाइ हामिले अक्षेरस पालना गर्नसक्यौं भने राम्रो हुने छ। किनभने हाम्रो एउटा परम्परा छ कि विधेयकहरु पारितगर्ने तर हिजोसम्म हाम्रो के भनाइ थियो भने मन्दिरै मन्दिर भएको देश नेपाल अव अहिले कस्तो देखिन लागेको छ भने कानुनै कानुन भएको देश नेपाल जतिपनि कानुन हरु बनेका छन तिनिहरुको पालना नहुने हामिले पारित गरेका विधेयकहरुलाइ यदि त्यसलाइ पालना गर्न सकेनौ भनेपछि त्यसले उचित परिणाम दिन सक्दैन त्यसकारणले यसको परिणाम पनि सहिढंगको ल्याउनको लागि हामिले विधेयकमा भएका व्यवस्थाहरुलाई अक्षेरस पालना गर्नुपर्छ र यो विधेयकको म स्वागत गर्दै म आफ्नो मन्तव्य यहि राख्न चाहान्छु धन्यावाद।

**माननीय दुर्गा कुमारी काम :–** माननीय सभामुख महोदय, यो गरिमामय प्रदेश सभामा भुमिव्यवस्था ताथा सहकारि मन्त्री ज्युले महत्वपुर्ण विधेयक यो सदनमा टेवुल गर्नु भएको छ। मलाइ लाग्छ यो अत्यन्तै महत्व पुर्ण विधेयक हो। जनताको जिवनसंग प्रत्यक्ष ठोकिने खालको विधेयक छ। त्यसो भएको कारणले गर्दा यो अझै ढिला भयो कि अझै ढिला हुन्छकि भन्ने कुरालाइ महशुस गर्दै मन्त्री ज्युले यसलाइ समितिको बैठकमा दफादार छलफल गर्नु भन्दापनि यो गरिमामय सभाले नै दफादार छलफल गरेर नै यसलाइ छिटो पासगर्नु पर्छ। हामिले छिटोभन्दा छिटो सेवा सुविधा र कृषिमा जनतालाइ आत्म निर्भर वनाउने लक्ष हासिल गर्नको लागि हामिलाइ सजिलो हुन्छ भन्ने उद्देश्यले जुन प्रस्ताव प्रस्थुत गर्नु भएको छ। त्यो प्रस्थावको म समर्थन गर्न चाहान्छु। यो अत्यन्तै मिहेनतका साथ आएको छ। मैले यो विधेयकलाइ सरसरति हेर्दाखेरि केहिकुरा हरु अत्यन्तै महत्वपुर्ण कुराहरु याहाँ समावेश गरिएको छ। विधेयकको दफादार छलफल भएको कारणले गर्दाखेरि म विधेयकको दफामा मात्रै केहि सुझाबहरु राख्न चाहान्छु । सुरुमै **सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** भन्नेछ यसलाइ **२०७६** वनाउनुपर्छ जस्तो मलाइ लाग्छ त्यसपछि संक्षिप्त नाम र प्रारम्भ भन्ने छ। यसमा पनि २०७५ लेखिएको छ। यहाँपनि २०७६ राखिनु पर्छ परिभाषा परिक्षेद १ को २ को (क) मा जुनसुकै व्यक्ति फर्म कम्पनि संघ सस्था भन्ने ठाउँमा कृषि समुह र सहकारि पनि यसमा थपिनुपर्छ भन्ने लागदछ त्यसैगरि परिक्षेद १ को (ङ) मा पनि यसमा पनि कृषि समुह र सहकारि थपिनु पर्छ जस्तो मलाइ लाग्छ। यसैगरि परिक्षेद २ को २ मा कृषि तथा पशुपन्छी प्रवर्धन समिति गठनको कुरा गर्नु भएको छ। यो समितिमा राज्य मन्त्री चै राख्नु भएको छ तर यसमा साहायक मन्त्री पनि यसमा थपिनुपर्छ भन्ने मेरोपनि यसमा सुझाव छ। त्यसैगरि यो (ट) नं. सम्म वुदा सम्म छ। यसमा एउटा वुदा थपेर वित्तीय संस्था भन्नेत आएको छ तर यसमा प्रदेश स्तरिय सहकारि संघ लिमिटेड पनि अहिले प्रदेश स्तरमा गठन भईसकेको हुनाले र साझा सवाल भएको कारणले गर्दा त्यो पनि यसमा एउटा वुदा थपिनुपर्छ भन्ने लाग्छ। त्यसपछि मनोनित गर्नेकुरा पनि आएको छ। (ञ) न. मा यसमा मनोनित कसरिगर्ने भन्नेकुरा खेलेको छैन त्यसो भएको कारणले गर्दा मन्त्री को निर्णयमा मन्त्रीले नै निणर्य गर्ने भन्ने शव्द पनि यसमा थपिनु पर्छ जुन मनोनित गरिने सदस्यको हकमा त्यसपछि समितिको वैठक व्यवस्था गर्ने कुराहरु चाहिँ आएको छ। यसमा मन्त्री नभए साहायक मन्त्री दुवै जना नभए एउटा

समितिको त्यो समितिले नै त्यसवाट छानेको व्यक्ति भन्ने छ त्यसमा चाहिँ प्रष्ट हुन्छ भन्ने जस्तो मलाइ लागेको छ । मर्यादा वार्ताको क्रममा त्यो पनि अध्यक्ष्यता गर्ने कुरापनि छुट्टै व्यवस्था हुनुपर्छ भन्ने कुरापनि राम्रो हुन्छ जस्तो मलाइ लागेको छ । त्यसैगरि परिक्षेद ३ को ७ न. वुदामा पनि समुह र कृषि समुह र सहकारि र योगदानमा पनि थपिनु पर्छ । भन्ने मलाइ लाग्छ अर्को परिक्षेद ६ को २ न.मा गाउँपालिका नगर पालिका भन्ने सम्म त छ हामि स्थानिय तह भैसकेको कारणले गर्दा उप महानगरपालिका पनि हामि संग छन । त्यसो भएको कारणले स्थानिय तहपनि यसमा थप्दा राम्रो हुन्छकि जस्तो मलाइ लाग्दछ । परिक्षेद ८ को ७ मापनि यो व्यवस्था समुह र सहकारि पनि यसमा थपिनुपर्छ भन्ने मलाइ लाग्छ । अर्को कुरा मनोनित सदस्यको हकमा यसमा चाहि स्नातकोत्तर गरेको भन्ने कुराहरु छ । यसमा स्नातक मामते राख्नुभयो भने त्यो पनि राम्रो हून्छ यसमा थप्नु पर्छ भन्नेकुरा मलाइ लाग्छ । यसरि सरसर्ति हेर्दाखेरि यो विधेयकमा धेरैकुरा हरु छुटेको छैन यि कुराहरु थपिँदाखेरि अझै यो विधेयकले पुर्णता पाउने थियो । र हामिलाइ सहज र सरल तरिकावाट कार्यान्वयनमा यसले सहयोग पुगाउँछ । जनताको जिवन स्तरलाइ माथि उठाउनका लागि यो महत्वपुर्ण विधेयक छ । त्यसो भएको कारणले गर्दा यो गरिमामय सदनमा फेरि पनि यहाँ माननीय ज्युहरुले ठाने गरेका सुझाव सल्लाह हरुलाइ सरकारले यसलाइ मन्ने गरेर मन्त्रीज्यले यि थपिनु पर्ने कतिपय सव्दावलिका कुराहरुपनि छन र यि शव्दावलिलाइ सरल तरिकाले वनाएर अझै सरल वनाएर यो विधेयकलाइ यसै सभाले पारित गर्नका लागि राखेको प्रस्ताव छ यो प्रस्तापलाइ आफ्ना सुझाव सहित समर्थन गदै विदा हुन्छु धन्यावाद ।

**माननीय शान्ति नेपाली :–** माननीय सभामुख महोदय यो ऐतिहासिक सदनमा **सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** जो एकदमै सुदूरपश्चिम प्रदेशका लागि सवैभन्दा महत्व पुर्ण विधेयक हो उसैपनि नेपालको इतिहाँसमा हेर्दा सुदूरपश्चिम प्रदेश प्राक्रितिक हिसाफले पनि सम्पन्न प्रदेश जाहाँ वहुसंख्यक जनता कृषिमा आधारित छन । कृषि गरिरहनु भएको छ तर कृषिमा हामिले भन्याजसो नितिमा भन्या जसो कृषि क्रान्ती हुन सकेको छैन । व्यवाहारिक रुपमा भन्नुपर्दा कृषिले आत्म निर्भर्ता रोजगारिको सृजनामा एकदमै अभाव देखिएको छ । मैले हेर्दा दुर्गम जिलला वझाङ ,वाजुरा ,दार्चुला सधै नाम आइ रहन्छ त्याहाको वहुसंख्यक जनता हरु कहिला दिदी वहिनी हरु खेत वारिमै हुने गर्दछन । तर वजारवाट भामल नल्याउदा सम्म भातखाने स्थिति अझै सृजना भएको छैन । त्यसैकारण म केभन्न चाहान्छु भने यो एकदमै ऐतिहासिक विधेयक हो । जनताको जनजिविकासंग जनतन्त्र संग यो जोडिएको सवालहो त्यसैकारण योचाहि हामिले समितिमा दफाावर छलफल नगरि सदनमै माननीय ज्यहरु वसेर र यसरि पनि हामिले दफावार पनि छलफल गरेका छौ । मलाइ लाग्छ समग्रमा एकदमै आउनुपर्ने कुरा आएको छ । काहिनिर यो सवै माननीय ज्यु हरुले भनिसक्नु भयो ७५ को ठायँमा ७६ भइदिएको हुनुपर्ने र परिभासा अन्तरगत कृषक भन्नाले कृषि उत्पादनगर्ने , पसुपन्छी यत्पादन गर्ने वा जुनसुकै व्ययक्ति वा फर्म वा कम्नि मात्रै भनिएको छ संघ वा सस्था भन्नुभएको छ याहाँनिर समुह सहकारि एकलमै यो अपरिहार्य हो यसलाइ थपनु पर्ने देखिन्छ । र

अरु सवैकुरा आइ सकेको छ । समितिको यसको कार्यविधि तपाइको कार्य संचालन सवैकुरा आएकोछ । मलाइ लाग्छ एकलमै प्रयापत छ । यो ऐतिहासिकछ यसलाइ कार्यानयन यसलाइ पासभएको मितिवाट सुरु हुनुपर्छ । कृषि तथा पसुपन्छी व्यवसायको दर्ता नविकरणमा पनि सवै ठिकैछ तर यो ऋण उपलव्द भन्ने सवालमा किसानहरुलाइ अलिन्यून लेवलका किुसान हरुलाइ जस्ले साच्चिकै हामि कृषिमा आत्म निर्भर हुन्छौ कृषिकन्ति गर्छे भनेर आटगरेर कृषिमा जो लाग्छन उहा हरुलाइ व्यजमा भन्दा पनि व्वयाज रहित भएर ऋण उपलव्द गराउन सक्ने व्यवस्था याहाँ हुनु पर्थ्यो । एकदमै तल्लो स्तरको कृषकलाइ मैले वुझेको त्यसमा धेरै ठुला व्यवसायक हरुलाइत एउटा कुराहो माथि उठिसकेको हुन्छ । एकदमै सवैभन्दा कम्जोर अवस्थावाट कृषि सुरु गर्ने कृषक हरुलाइ व्यज विना धितो विनाव्याज सरकारले यदि ऋण उपलव्ध गराउन सक्यो भने कृषि पर्तिको आकर्षण कृषि पतृको जागरण अझ वलियो तरिकाले जानेथियो मेरो सुझाप योपनि रहेको छ । साथै यो जुन मनोनित सदस्य हरुले निति वमोजिम काम गरेननभने तपाइ हरुको उहाहरुलाइ निकाल्न सकिनेछ भन्ने व्यवस्था छ । याहँनिर सम्पुर्ण सदस्य हरुको हकमा हुनुपर्ने होकि जस्तो मलाइलाग्छ मनोनित जो २ जान आउछन उहाँहरुकालागि मात्रै वनाएको त नहोला याहाँनिर केगर्न सकिने हो यदि हो भने योचाहि त्यति राम्रो हुदैन सवैको हकमा हुनुपर्छ भन्दै यो विधेयक पर्ति पुर्ण समर्थन गर्दै यसको सफलताको पनि कामना व्यक्त गर्दै विदा हुन्छु हवस्त धन्यावाद ।

***(बोलि सकेपछि)***

**६. माननीय सदस्यहरू,**

अब, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय विनिता देवि चौधरी :–** माननीय सभामुख महोदय **सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि छलफलमा भागलिने माननीय ज्यु हरुलाइ धन्यावाद दिन चाहान्छु । र यो विधेयकहरु मलाइ लाग्छ हाम्रो कृषि प्रधान देश भन्छौ थुप्रै कृषिमा सम्भावना हुँदाहुँदै पनि व्यवस्थित नभएको कारणले कृषि अगाडि वढ्न नसकेको हुनाले हामिले हरेक काममा व्यवस्थित गर्नका लागि कानुनमा पनि टेकेर जानुपर्छ र त्यहि अनुसार यो विधेयकहरु धेरै विषय वस्तुलाइ समेटेको छ । मलाइ लाग्छ किसानहरुको हक हितमा थुप्रै वुदाहरु आएको छ । र छलफलमा पनि महत्वपुर्ण विषयहरु उठान भएको छ र जुन सुझावहरु आएको छ । र कयौं वुदाहरु हामिले नियमावलि मानै समावेस गरेर ल्याउनु पर्छ । र हामि ल्याउनेछौ र यो हुनत यो ७६ हो ७५ आएको हुनाले सवैलाइ किन आयो भन्ने छ यसमा कानुनि रुपमा पनि अगाडि वढ्नुपर्ने भएकोले हाम्रो यो विधेयकहरु सवै २०७५ मै प्रकृयामा गएको हुनाले हामिले ७५ नै पेस गर्‍यौं यो ७५ हुदैन ७६ भएर नै पास हुनेछ । र थप्रै जुन एउटा सुझावहरु आएको छ । र यो विधेयकमा वुँदागत रुपमा एउटा थपिने जुन हामिले एकदमै छुटेका विषय वस्तुहरु आएका छन् । त्यो विषयलाइ यो विधेयकमा सामावेश गरेर लगिनेछ । र कयौं विषयहरुलाइ हामिले नियमावलिमा लिएर आउनेछौं । र थुप्रै एउटा यो कृषिको यो थुप्रैलगायत कृषिको यो व्यवस्थित गर्नुपर्छ वास्तविक किसानकहाँ पुगेन भन्नेछ । मलाइ लाग्छ हामि त्यहि अनुसार नै एउटा कृषिमा आत्म निर्भर कृषिमा आधुनिकिकरण गर्नको लागि थुप्रै यो कानुन विधेयकमा आएको छ । यो विधेयकमा छुटेका विषय वस्तुहरु पनि यहाँ आएको छ । त्यो उठान भएका विषय वस्तुहरुलाइ पनि यो विधेयकमा समावेश गरिनेछ भन्ने कुरा राख्दै विदाहुन्छु । हवस्त धन्यावाद ।

*(जवाफ दिएपछि)*

७. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरू,**

अब, म **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरु विधेयकको अंग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यसको पक्षमा हुने सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको क्रममा उठान भएका संशोधित व्यवस्थाहरू सर्वसम्मतीले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

९. **माननीय सदस्यहरू,**

अब, म विधेयकका २ (दुई) देखि २२ (वाईस) सम्मका दफाहरू र सम्बन्धीत उपदफाहरू **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भन्ने आवाज नआएमा)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ (दुई) देखि २२(बाईस) सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले **"सुदूरपश्चिम प्रदेशको कृषि तथा**

**पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**१०. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेशस्तरमा कृषि तथा पशुपन्छी व्यवसायहरु मार्फत कृषक, कृषि व्यवसायी र उपभोक्ताहरु सबैको हकहित प्रवर्द्धन गर्न त्यस्ता व्यवसायहरुलाई समय सापेक्ष आधुनिक, व्यवसायिक एवं प्रतिस्पर्धीका साथै जिम्मेवार र मर्यादित बनाउनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेशसभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"कृषि तथा पशुपंक्षि व्यवसाय प्रवर्द्धन ऐन, २०७५६"** रहेको छ।
(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

***(पढेर सुनाएपछि)***

**११. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नामलाई **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***(हुन्न भन्ने आवाज नआएमा)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा गरेपछि)***

**१२. माननीय सदस्यहरू,**

अव म, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"**

लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय विनिता देवी चौधरी** :– माननीय सभामुख महोदय **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई माननीय हरुवाट प्रापत संसोधन समेत समावेस गर्नेगरि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभावाट पारित गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यावाद

***(प्रस्ताव प्रस्तुत भएपछि)***

१३. **माननीय सदस्यहरू,**

अब, म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनिता देवी चौधरीले पेस गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***(हुन्न भन्ने आवाज नआएमा)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

१४. **माननीय सदस्यहरू,**

अब म, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउछु ।

मिति २०७६।०४।३१

विषयः- प्रदेश सभाको चौथो अधिवेशन अन्त्य सम्बन्धमा ।

माननीय सभामुखज्यू
प्रदेश सभा सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को सिफारीसमा प्रदेश सभाको चौथो अधिवेशन मिति २०७६ साल भाद्र १ गते आईतबार राती १२:०० बजे देखि लागु हुने गरि अन्त्य गरेको छु ।

(मोहनराज मल्ल)
प्रदेश प्रमुख

बोधार्थः
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली

**१५. माननीय सदस्यहरू,**

यो अधिवेशनको सुभारम्भ मिति २०७६।०२।०१ गते बुधबारका दिनबाट भएको थियो । यो अधिवेशन प्रारम्भ भई हालसम्म कार्य गर्दा देहाय बमोजिमका मुख्य कार्यहरू सम्पन्न भएका छन् ।

(१) सुदूरपश्चिम स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५लाइ पारित गरियो ।

(२) प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पारित भयो ।

(३) प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७६ पारित भयो ।

(४) सुदूरपश्चिम आर्युवेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भयो ।

(५) अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ पारित भयो ।

(६) आ.ब. ०७६/०७७ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चीत कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भयो ।

(७) केहि प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, २०७६ पारित भयो ।

(८) सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपंक्षि व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ पारित भयो ।

(९) अनुगमन समितिको गठन भएको ।

(१०) यस सभाको चौथो अधिवेशनमा ३६ वटा बैठक सम्पन्न भए जम्मा दिन ३४ र जम्मा समय यसपछि पनि वोल्न बाँकि छ ३८ घण्टा ३७ मिनेट  बैठक संचालन भएको थियो ।

(११) यस अधिवेशनमा विशेष समय ७ पटक र शुन्य समय २ पटक संचालन भएको थियो ।

**१६. माननीय सदस्यहरू,**

यस अधिवेशनको समिक्षा सहित आफ्नो मन्तव्य राख्ने सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका तर्फबाट केही माननीय सदस्यहरुको लागि समय प्रदान गरेको छु ।

सर्वप्रथम म **माननीय तारालामा तामाङ्ग**लाई समय दिन्छु ।

**माननीय तारालामा तामाङ्ग** : – माननीय सभामुख ज्यु, आज हामि हाम्रो सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको चौथो अधिवेशन को अन्तको पत्र हामिले सुन्ने मौका पायौं आजदेखि चौथो अधिवेशन अन्त हुनेछ । यो अधिवेसनले सुदूरपश्चिम प्रदेशको जनताको लागि सुदूरपश्चिमको लागि केहि राम्रै कामहरु भएको छ । र यो प्रदेश सभामा हामिले धेरैकुरा सिक्ने मौका पनि पाएको छ । र यहि अधिवेशन प्रदेश सरकारले प्रस्तुत गरेको वार्षिक कार्यक्रम तथा वजेटको पनि भएको हुनाले यो अलि महत्यपुर्ण पनि रहियो । र यो अधिवेशनमा अलि हेर्दा कहिलेकाहिँ सरकारले गरेका कामहरुको वारेमा र अधिवेशनमा राम्रा राम्रा सुझाव हरु पनि प्रस्तुत भएका छन । र सरकारले त्यसलाइ ग्रहण गरेर अगाडि वढ्ने प्रतिवद्धता पनि आएको छ । र यो अधिवेशनले माननीय सभामुखज्युले सुनाइ सक्नुभएको छ केहि महत्व पुर्ण विधेयकहरु पारित भएको छ । र यहि अधिवेशनमा हामिले आशा गरेको एउटा काम खासगरि यो राजधानि को सन्दर्भमा राजधानि ठाउ तोकिसकेको र राजधानिको लागि सरकरारले अहिले सम्म भएगरेका कुराहरुको हामिले जानकारि प्राप्त गर्‍यौं । तरपनि मान्छेले रिजल्ट तुरुन्तै देखिने खोज्ने भएकोले त्यो देखिनेगरि केहिकाम सुरु हुनुपर्थ्यौ यहि काम केहि सुरु हुन्छ भन्ने हामिले आसा गरेका छौ । र यहि अधिवेशनमा हामिले वजेटको सन्र्दभमा सरकारका पक्षका माननीय हरु किन नहोस प्रतिपक्षका माननीय हरु किन नहोस सवैले सुझाव दिएका छन । र खासगरि सरकारको

पक्षका सांसदहरुले कहिलेकाहिँ सरकारलाइ आफ्नो सरकार आफ्नो संसदिय दलको मिटिङमा किन नहोस र अरुवेला किन नहोस हामिले सुझाव दिने सरसल्लाह दिने काम गरिरहँदा वाहिर अलि गलत तरिकाले प्रचार प्रसार गरिएको छ । र त्यसलाइ हामिले भन्नु पर्दा खासगरि प्रदेश सरकारलाइ र यो प्रदेश सभालाइ राम्रो तरिकाले अगाडि वढाउन अनुगमन तिर अगाडि वढेको देख्न नचाहने हरुले होकि भन्ने हामिलाइ लागेको छ । आफ्नो सरकारलाइ दिने सुझाव आफ्नो सरकारलाइ दिने केहि कुराहरुलाइ अलिकति वङ्ग्याएर लेखिने वङ्ग्याएर गलत प्रचार गरिने भएको छ । र त्यहि प्रचारलाइ केहि जिम्मेवार व्यक्तिहरुले पनि ठाँउमा ठाँउमा भनिएको सुनिएको छ । त्यो अलिकति हाम्रो कमि कमजोरि त्यस्तो देखिन आएको छ । र प्रदेश सभाले गरिरहँदा यो प्रदेश सभामा हामिले धेरै प्रयत्न गरेको छ प्रदेश सभाले सरकारले अथवा संसदिय दलहरुले आफ्नो आफ्नो क्षेत्रको आफ्नो क्षेत्राअधिकार लाइ चेक एण्ड व्यालेन्समा राख्न एकले अर्कालाइ समुन्वय गरेर अगाडि वढेर यो सुदूरपश्चिमलाई समग्र सुदूरपश्चिमलाइ अँझ राम्रो वनाउनमा यो अधिवेशनमा व्यापक छलफल भएको छ । र अव आज सम्मका कुराहरुलाइ सिक्षाको रुपमा ग्रहण गर्दै प्रदेश सभालाई औफचारिक रुपले अन्त भएपछि प्रदेश सभाका सांसद हरु विधेयक बनाउने ऐन कानुन बनाउने भएतापनि प्रदेश सभाका सांसदहरु त्यो प्रदेशका जनताका प्रतिनिधि पनि भएका कारणले जनताको हरेक समस्याको साथमा रहने र प्रदेश सरकारले गरेका राम्रा कामहरुको व्रिफिङ गर्ने र प्रदेश सरकारलाइ जनताको तर्फवाट गरिने मागहरु र कामहरु लाइ प्रदेश सरकारलाइ झक झकाउने काममा हामि प्रदेश सभाका सांसदहरु सक्रिय रुपले सहभागि हुनेछौँ । सक्रिय रुपले भाग लिनेछौँ सक्रिय रुपले भुमिका निर्वाह गर्ने कुरामा विस्वस्त छु । र यो प्रदेश सभाले फेरिपनि प्रदेश भोली प्रदेशको जनताको लागि प्रदेशको समवृद्धिको लागि भहेपनी कदमहरु उठाउँदै जानेछ । र खासगरि चौथो अधिवेसनमा यो प्रदेश सभाले धेरै राम्रा कुराहरु भएको कुराहरु जानकारि गराउँदै हामि प्रदेश सभाको एउटा अंगको रुपमा संसदिय दलको कार्यालय लाइ व्यवस्थापन गर्ने कुरा किन नहोस सरकारले आफ्ना ऐन हरुलाइ यो प्रदेश भित्र लागु गराउने कुरामा सजकताका साथ अगाडि वढाउने कुरामा किन नहोस । हामिले प्रदेश सभाले कानुन वनाउने त्यो कानुनलाइ पालना भयो कि भएन त्यसको हामिले अनुगमन पनि गर्नु पर्छ । र त्यो ऐन हरुलाइ कहिँ कतै कमि कमजोरि भएको छ भने सच्याउने सन्दर्भमा पनि सोच्न सकिन्छ । र त्यस कारणले सरकारले पनि अँझ यसतर्फ ध्यान दिनुनै हुनेछ । र खासगरि अहिले वाहिर हामिले वारम्वार भन्ने गरेका छौ । यो गणतन्त्र प्राप्त पछि संघियतामा देश गइसकेपछि को सवैभन्दा राम्रो सवैभन्दा संघियता देखिनेगरि यो प्रदेश सभा प्रदेश सरकार गठन हो र त्यसैले गर्दा यसले गर्ने हरेक गतिविधिले संघियताकै लागि पट हुन सक्छ त्यस कारणले हाम्रो भुमिका संघियतालाइ अझ वलियो वनाउने तर्फ हुनु पर्छ । प्रदेश सरकार प्रदेश सभा लाइ समुन्वयात्मक ढंगले अगाडि वढ्नु अति आवस्यक छ । केन्द्र सरकार प्रदेश सरकार र स्थानिय तहका जन प्रतिनिधिहरुलाइ एकता वद्ध तरिकाले लान लैजान प्रदेश सरकारको महत्व पुर्ण भुमिका हुन्छ । प्रदेश भित्र रहेका स्थानिय तह हरुलाइ समुन्वय गरेर यो प्रदेशको समुन्नत विकासका लागि कसरि अगाडि वढाउन सकिन्छ त्यस तर्फ प्रदेश सरकारले ध्यान दिइ राखेकै होला र यो प्रदेशमा हामिले यो तर्फ अगाडि वढ्ने केहि मेसो केहि सुरुवाति कामहरु यो प्रदेश सभाको चौथो अधिवेशनले सुरु गराको छ त्यसकारणले अझ यो सशक्त रुपले अगाडि वढ्नुहुनेछ । र पुनः म सम्पुर्ण प्रदेश सभाका सांसद ज्यु हरुलाइ आफ्नो प्रदेश सभाको क्षेत्र आफ्नो जिल्लामा फर्किदा राम्रा राम्रा कुराहरु लिएर जानुहुँनेछ । र जनताको पक्षमा जनताको हरेक समस्यामा तपाइ हामि एकसाथ भएर अगाडि वढ्ने कुरामा सवै एकमतका साथ अगाडि वढ्ने कुरामा दुइमत नहोला भन्ने पुर्ण विस्वासका साथ यो चौथो तहको अधिवेशन तुलनात्मक रुपमा हेर्दा सफल भएको छ । राम्रो भएको छ र यसलाइ अझ व्यापक रुपले अर्को अधिवेशनमा प्रशिक्षित भएर अँझ हामि प्रस्तुत हुने र औफचारिक रुपले हाम्रो पाचौँ अधिवेशनमा अझ सशक्त भुमिका का साथ उपस्थित हुने कुरामा विस्वस्त हुँदै विदा हुन्छु धन्यावाद ।

**माननीय रण बहादुर रावल :–** माननीय सभामुख महोदय आज चौथो अधिवेशनको समापन हुने क्रमको अन्तमा छौ । माननीय सभामुख ज्यु मार्फत यो सभामा भइ गरेका महत्वपुर्ण कार्यहरु विशेष गरि ८ वटा विधेयकहरु पास भएका कुराहरु देखि लिएर अरु महत्वपुर्ण वुँदाहरु सहित पेश गरिसक्नु भएको छ । यो अधिवेशनमा हामिले जेठ १ गते वुधवार वाट सुरु गरेका थियौं र आज भाद्र १ गते सम्पन्न गर्दै छौं झण्डै झण्डै ९६ दिन भयो जसमध्ये हामिलाई करिव ३० देखि ३४ दिन ६० –६१ जति खासै काम त गरेनौ गृह्रकार्य गऱ्यौं यो छोटो अवधिमा पनि सारै काम गर्नु मैले स्वभाविकै देखेको छु । यो अधिवेशन एउटा वजेट अधिवेशन भनेपनि हुन्छ । त्यसकारण यो अधिवेशनमा धेरै जसो कुराहरु वजेट विधेयकहरुले लियो जसमा मलाइ लाग्छ प्रतिपक्षका साथि हरुले जोडदार रुपले केहि कुराहरु राखे जो यहाँ वितितै छ । साथ साथै सत्तापक्षका साथिहरुले पनि यो वजेट जुन पेश भएको छ । यसमा कमसे कम केहि सच्याइनु पर्छ । परिमार्जन हुनुपर्छ भन्ने सन्दर्भ पनि मैले पाएँ त्यसकारण यो अधिवेशन अत्यन्तै महत्वपुर्ण अधिवेशनको रुपमा रहेको छ । र यसमा हामिले प्रतिपक्षवाट हामिले वारम्वार भन्यौ विगतको आर्थिक वर्ष २०७४/७५ को वजेट जो १ अरव भन्दा वढी थियो । त्यसवाट पनि केहि शिक्षा लिनुपर्छ भनेका थियौ आर्थिक वर्ष २०७५ /७६ को जो २५ अरव भन्दा वडि थियो त्यसवाट पनि पुर्णकालिन वजेट भएकोले वढी शिक्षा त्यहाँवाट लिएर आर्थिक वर्ष २०७६ /७७ को जो २८ अरव १६ करोड ३०लाख ३५ हजारको वजेट थियो । त्यो शिक्षा लिएर आउन सक्नु भएन फेरि पुनरावृति भयो । जसको कारणले हामिले असहमति राख्यौं । हाम्रो असहमति हामिले यहि गरिमामय सदनमा राखेकै थियौं । मुलतः असहमति केमा भन्दा खेरि यो वास्तममै हामिले मनेका थियौ त्यति विधि र प्रक्रियालाइ टेकेर ल्याएको देखिएन कहि हजार ५हजार देखि लिएर साना साना वजेटहरु पनि आए हुँदा हुँदै कहिँ डोल्पाका वजेट हरु पनि समेटिएर आए त्यसकारण त्यति गम्भीरताले ल्याएको देखिएन भन्यौं अर्को अलि सन्तुलित भएन भन्यौं त्यसपछि हामिले भन्यौ खासै गरेर पारदर्शि भएन सत्ता पक्षका पनि केहि महत्वपुर्ण र केहि वोजिलाले केहि शक्ति भएका व्यक्तिहरुलाई वढि प्राथमिकता दिइयो । तर अन्य माननीय साथिहरुलाइ वढि ध्यान दिइएन त्यसपछि त प्रतिपक्षका सभासदहरुको त कुरै भएन हामिले भन्यौ यो वास्तममा वितरण मुखिभयो । कमसे कम विगतका दुई वटा वजेट वाट शिक्षा लिएर कमसे कम अवत कम्प्लीट ठोस कार्यक्रम आउला योजना वन्ला त्यो अनुसार वजेट विनियोजन होला भन्ने ठाँनेका थियौं । त्यो हाम्रो असहमति यसमा पनि छ । यसले अर्को कुरामा हामिले जोडदार माग उठाएका थियौं । वास्तममा जतिपनि योजनाहरु आए ति योजनाहरुमा कोहि झ्यालवाट आए कोहि अरु तरिका वाट आए एउटा सुशासन ऐन अन्तरगत दिएको अधिकारलाइ सभासदहरुको वाट आएको भन्दा र प्रक्रिया वाट आएको भन्दापनि अर्कै पक्रियावाट आयो भने यसले भ्रष्टाचारलाई वल पुगायो भनेर हामिले भन्यौं त्यकारण असहमति जनाएकै थियौं र अर्को कुरा यो गरिमामय सदनमा भएका ५३ जना सभासदहरुलाइ सम्मान जनक हिसाबले उहाँले ल्याएका महत्वपुर्ण योजनाहरु हामिले वारम्वार भनेका थियौं कि सभासदहरु केवल विधेयक ऐन वनाउने मात्र हैनन् । पुर्ववक्ता भर्खरै वोलेर जानु भो सत्तापक्षकै सचेतक ज्यु ले भने अनुसार कमसे कम सभासद भनेको विकास संगपनि जिम्मेवार हुन्छन । आफ्नो गाउँ ठाउँमा पनि यो गर्छु त्यो गर्छु भनेर पनि आएका हुन्छन । त्यसैले त्यसपुर्तिमा पनि ध्यान दिनु पर्छ र सम्मान जनक हिसाबले ति सभासदहरुलाइ सम्मान दिइएन् । त्यसमा पनि असहमति भयो भनेका थियौं । त्यसपछि यसले समग्र रुपमा अहिले भरखर भरखर हुन लागेको संघियता मा वल पुगाउने काम भएको छैन । यसले केहि व्यक्तिहरुलाइ र केहि सिमित ठाउँहरुलाइ जुन गर्नुपर्ने खास कामहरुमा नभएर यसले केहि व्यक्तिवादि वढि भयो भन्यौं त्यसकारण हामिले यहि असहमतिका कारणले हामिले भनेका थियौं । कि सरकार एकातिर हुन सक्छ भोलि सदन एकातिर हुनसक्छ भनेका थियौं । त्यसै कारणले प्रस्ट देखियो यसको अर्थ यो हैन हामि वडा हौसिएका हैनौ हामि भन्छौं यो सदन

यो गरिमामय सदन यो संसद र यो सरकार वास्तममा जताले अपेक्षा गरे अनुसारको कामहरु प्रष्ट रुपले गर्न सकोस कार्यान्वयन गर्न सकोस भन्ने हाम्रो अपेक्षा हो । त्यसकारण यसवाट मलाइ लाग्छ, यो सरकारले विशेष शिक्षा लिएको हुनुपर्छ भन्ने मैले ठानेको छु त्यसै सन्दर्भमा हामिले अहिलेकै सरररकारका एउटा निकैठुलो प्रयास पच्चात यसमा मुख्यमन्त्री जी यो चाहि हाम्रो आन्तरिकक मामिला कानुन मन्त्री जी र अर्थ तथा योजना मन्त्री जी लगायत अन्य हरुको सहयोगवाट र सभामुख जी को पनि सहयोगवाट हामिलाइ एउटा सहमतिको वतावरण वन्न गयो । यसलाइ हामिले भद्र सहमतिको रुपमा जोड्यौं यो मैले जोडन खोजेको कारण यो हो भद्र एउटा पलटिक हिसाबले भन्दापनि यो गर्ने त्यो गर्ने भनेर के भन्यौं भने हाम्रो महत्वपुर्ण योजना हरु असहमति यो हो । यो असहमति केवल केहि प्रतिपक्षलाइ फाइदा लिने र वेनिफिट लिने हिसाबले मात्र हैन । यो समग्र प्रदेश सभाको गरिमा वढोस भन्ने हिसाबले हामिले भद्र सहमति गर्‍यौं । जसमा चाहि हामिले एउटा कुरा जेष्टमा भन्न खोजेको हो । यो सन्तुलित कसरि गर्ने वजेटलाइ सन्दर्भमा चाहि सन्तुलित वनाउने सन्दर्भमा सरकारलाइ कमिट मेन्ट गरेको छ । अव सन्तुलन गरि राखेको होला भन्ने मैले आसा गरेको छु । र यसलाइ परिमार्जनको सन्दर्भमा १०० देखि इमिडेट करेक्ट गर्ने कुराहरु छन । ति कुराहरुलाइ पनि परिमार्जन गर्नुपर्ने छ । हैन हाम्रो सहमति भईसक्यो काम भईसक्यो पास भईसक्यो अव हामिले जे गरे पनि हुन्छ । भन्ने ठान्यो भने मलाइ लाग्छ यसले जुन हिसाबले तपाइ हामिले सोचे नसोचेको दुर्घटना निम्त्याउन सक्छ । जस्तो लाग्छ मलाइ त्यसकारणले यसलाइ सहमतिको दौरानमा अघि सरसरति भने अनुसार ५३ जना सभासदहरुको सम्मान जनक हिसाबले उहाँहरुले कोहि व्यक्तिवादि हिसाबले ल्याएका योजनाहरुको भन्दापनि हामिले समग्र रुपमा हाम्रो प्रदेशको लागि यो उन्नति र प्रगतिमा टेवा पुग्ने योजनाहरुलाई विशेष ध्यान दिएर ल्याउनुपर्छ भन्ने कुरा राख्ने भन्ने कुरामा हामिले सहमति गरेका थियौं । अर्को साँझा प्रदेशको गौरव साँझा योजनाहरु गौरवका साँझा ल्याउन के हुनसक्छ । त्यो प्रति यसलाई मात्र होइन सत्तापक्षलाइ मात्र होइन । यहाँका प्रदेशका जनता र प्रदेशको सम्वृद्धि उन्नति र प्रगति मा टेवा दिने योजनाहरु विशेषगरि वाटाघाटाका कुरा हरु विशेषगरि ऐयरपोर्टका कुराहरु विशेषगरि यहाँका पर्यटकिय सम्भावनाहरुलाई समेटिने गरि देखि लिएर यहाँका सिंचाइका कुराहरु देखि लिएर यहाँको स्वास्थ्य सम्वन्धि लिएर किनभने २०७० /७२ को संविधानले प्रष्ट पारिसकेको छ । यि यि कुराहरुलाइ हामिले ध्यान दिनुपर्छ भनिसकेको हुनाले त्यसमा चाहि प्राथमिकता दिने हो । नकि यो स्थानिय सरकारसंग प्रतिस्पर्दा गर्ने हिसाबले साना तिना योजनाहरु ल्याउने हो । त्यसमा वहुतै गम्भिरताका साथ अनि अर्को कुरा के छ भन्दाखेरि एउटा संसदिय जुन हिसाबले हामिले प्रष्टरुपले हामिले सत्तापक्ष र प्रतिपक्षहरुवाट जुन हिसाबले खायो योजानहरु कोहि झ्यालवाट कोहि कतै विभिन्न प्रक्रिया वाट आयो कतिपय नाम म यहाँ भनौंन मिठो सब्द हैन त्यो तितो सब्दहो त्यसलाई प्रिपेड योजनाहरु पनि भन्ने गरिन्छ म यो त्यसको व्याख्या गर्न चाहाँदैन क्षमा गर्नुहोस त्यसकारण यसलाइ सर्वदलिय हिसाबको एउटा समिति वनाएर माननीय मुख्यमन्त्री जी लगायत त्यो टिमले एउटा कमिटमेन्ट गरेको छ । मलाइ लाग्छ त्यसलाइ इमिडेट्लि माननीय मन्त्री ज्यु हरुले आफै थाहा पाउनु भएको छ सच्याउनु होला अन्यथा यो संसदमा कुनै पनि वोलेको कमिट्मेन्ट गरेको सरकारले गरेको कुराहरुलाइ कार्यान्वयन हुन्छ भन्ने नठान्नुहोला हैन भने हैन यो वोल्ने हो गर्नेहो मुखले भन्येगर्‍यो त्यसपछि विर्सिने हो । भने चाहिँ खोला तर्‍यो लौरो विर्सिने हो भन्ने खालको वानि हैन होला जस्तो लाग्छ मलाइ अर्को महत्वपुर्ण कुरा यो असन्तुलित भन्नेकुरा त माननीय अर्थमन्त्री जी यहाँ हुनु हुन्न वहाँले त के भन्यो म डिक्सनरि वाट हटाइ दिन्छु । यसपालि देखि त सुरुनै गर्छु जम्मैकुराहरु सम्पन्न गर्छु । असन्तुलन भन्ने सव्द हाम्रो प्रदेश सरकाररको डिक्सनरिवाट हट्नेछ भनेर पनि भन्नु भएको छ । यो सवैलाइ थाहा छ त्यसकारण माननीय मुख्य मन्त्री जी का कुराहरुपनि त्यसैमा छन । अव समग्रमा सरकार एउटा केछ भन्दाखेरि

सवभन्दा पहिले त नेपाली यो प्रदेशका जनताहरुको इच्छा केहो भन्दाखरि यो सरकारवाट धेरै अपेक्षा गरेको छ । त अपेक्षा गऱ्यो भन्दैमा यि सवैकुरालाइ यहि सरकारले डेढवर्ष मै सक्नु पर्छ भन्ने हैन यसले के गर्नु पर्ने हो भन्दा प्रत्याभुति दिनु पर्नेहुन्छ । जस्तो शान्ती सुरक्षा सन्दर्भमा अव जस्तो माननीय गृहमन्त्री जी यहाँ हुनुहुन्छ यहाँहरुको प्रर्यास अथक पनि होला तर पनि जुन वारम्वार उहाँका कुराहरु सुनिराखेको हुन्छु मैले उहाँ विना लगामको जनरल साव छु भनेर भनिरहनु भएको छ उहाँ यो उहाँवाट हामिले शिक्षा के लिने र संघिय सरकारसंग हामिले गर्नुपर्ने काम उस संग डिभेड गर्नु पर्ने उससंग वहस गरेर कसरि हुन्छ यो सेना सहितको ग्रिह मन्त्री कसरि वनाउने भन्ने त्यस सन्दर्भमा हामि चुकेकै छौ यो समग्रमा यसमा चाहि निर्मला पन्तको वलात्कार भयो त्यसपछि हत्या भएको छ त्यसमा सत्तापक्ष भनु वा सरकारका मान्छे हरुले इन्भल्व भएको कुरा हरु आएको छ । तर यसको अझ पनि छिनोफानो हुन सकेको छैन । निर्मला पन्त ले न्याए पाएको छैन यसले गम्भीर प्रश्न उठाएका छन सुदूर पश्चिम प्रदेश वासिले जव सम्म यसको निर्क्यौल आउँदैन तव सम्म हामि पर वस्न सक्दैनौ र धेरै गरेको भने भन्ठान्दैन म । अर्को अहिलेको सवभन्दा कुरा महंगाइको सन्दर्भमा यो विगत लामो समयदेखि होला अहिले प्रदेश सरकार आइसकेपछि स्थानिय सरकार आइ सकेपछि धेरै जनताले के अपेच्छा गरेका थिए भने सरकारले सवै नदेला कमसे कम हामिलाइ महंगाइ को मार वाट त हामिलाइ पिरोल्ने त हटाउला भन्ने ठानेका थिए । अहिले त्यो हटाउन नसकेको अवस्था छ । अर्को कर सम्वन्धि वैज्ञानिक कर लगाउने सन्दर्भमा कतिपय स्थानिय सरकार हरुले लगाएका छन तर समग्रमा छैन त्यसकारण यसमा प्रदेश सरकारले कमसे कम भएपनि आफ्नो ठिक छ हरेकको आफ्नो अस्थित्व छ । कमसे कम स्थानिय सरकार सित सहकार्य गरेर वैज्ञानिक कर लगाउने काममा प्रेरण दिने काम देखि लिएर त्यसलाइ समुनय गर्ने काममा हामि चुकेको हामिले महसुस गरेका छौ । यो प्रदेश विपद को लागि हरेक उसमा अगाडि वढ्ने स्थिति देखिन्छ । हावा हुरिको मात्र हैन यहाँ पहिरोको मात्र हैन यहाँ वाढिको मात्र हैन भोलि गएर भुकम्पको समस्यापनि आउने सम्भावना छ । हावाहुरिमा पनि प्रश्न हरु धेरै उव्जेका छन । जो पाउनु पर्नेले पाएका छैनन् भन्ने कुरा हरु छन । विपतमा त्यहि कुरा छ त्यसलाइ मध्य नजर गर्दै समग्रमा यो सरकारले गम्भीर भएर आफ्नो के के भएको छ त्यसपछि राम्रो मुल्याङ्कन गरेर अगाडि वढ्नुपर्ने आवश्यकता मैले ठानेको छु । विधेयकहरुको सन्दर्भमा यो प्रदेश सभाले वास्तममा यति महत्व पुर्ण विधेयकहरु पासगरेको छ । मलाइ लाग्छ तर विधेयकहरु पास गरेपनि एउटा त्रुटी म के देख्दैछु भने यो प्रदेश सभा अन्तरगतका मिनि प्रदेश सभाहरु छन । विषयगत समितिहरु जस्तो संसदियदल हरु पनि छन समिति हरु पनि छन तर यि समिति र संसदिय दलका सत्तापक्षका माननीय जीले हल्का त उठाउनुभयो वास्तममा यत्रो समय हुँदापनि त्यसलाइ ध्यान दिएको छैन ३ –३ वटा वजेट अव योजनाहरु आइसके अहिले सम्म पनि गोठको अवस्थामा पनि संसदिय दल हरु छन । संसदिय समितिहरुको हालत हेर्दा एउटा रिकर्ड गर्ने सिस्टम अहिले सम्म राख्न सकेको छैन । त्यहाँ कुनै पनि वाहिरको मान्छे ल्याउनु पर्दा माननीय मन्त्री जी हरु ल्याउदा वस्ने ठाउँपनि हुन सकेको छैन । त्यसकारण यसमा गम्भिरताका साथ प्रदेश सचिवालयले र प्रदेश सरकारले यसलाइ अगाडि वढाउनु पर्छ । र हैन भने विधेयकहरु वनाउँदै जाने त्यसमा जति हुनुपर्ने गहन तरिकाले अध्ययन र छलफल हुनु पर्थ्यो ठाउँ र गाउँ को हिसाबले अप्ठेरोले गर्दा मान्छेहरु के छ सरकारले ल्याएको विधेयक हो पास गरौ त्यसैले २ महिना भएको हुँदैन सन्शोधन गर्नुपर्न अवस्था आउँदैछ । यो वहुतै गम्भिर कुराहरु उठि रहेको छ । यसलाइ हामिले गम्भिर तरिकाले हुन त आज हामिले संसदीय दलको हाम्रो परामर्स समितिको वैठकमा हाम्रो माननीय सभामुख जी को नेत्रीत्वमा हामिले गऱ्यौ त्यहाँ को पनि कुरा उठ्यो उहाको पनि आफ्नै समस्या छ । उहाले वारम्वार माननी मन्त्री ज्युलाइ मुख्यमन्त्री ज्युलाइ भनेका कुराहरु आए तर कार्यान्वयन भएको छैन यसलाइ छिटो भन्दा छिटो कार्यान्वयन

गरेर ति संसदिय दलहरुलाइ वलियो वनाउने ति संसदिय हाम्रा समिति हरुलाइ वलियो वनाउनमा हाम्रो पुर्वाधार वनाउन मा प्रदेश सरकार लागोस र कामहरु अगाडि वढोस र त्यसपछि अर्को महत्व पुर्ण कुरा के छ भने प्रदेशले यो विधेयकहरु मात्रै वनाउने काम मात्र महत्वपुर्ण रहेनछ । पास गर्‍यौं राम्रो गौरवको कुरा हो । पास गरेपछि त्यसलाइ कार्यान्वयनको ठुलो समस्या छ । यदि हामिले कार्यान्वयन गर्न सकेनौ त्यसलाइ थन्काएर राख्यौं भने त्यसले खासै महत्व दिँदैन । त्यसकारण यसमा सरकार विसेष गरि एन वनाइ सके पछि त्यसको कार्यान्वयन मा अगाडि वढोस भन्ने कामना गर्न चाहान्छु । अर्को प्रदेश सरकार सचिवालय र सभाको विषयको सन्दर्भमा प्रदेश सभामा भएका दलहरुको कुरा मैले अहिले भर्खरै भने कर्मचारिहरुको कुरा वारम्वार उठि राखेको छ । वास्तममा ३ वटै दलहरु छन यहाँ महत्वपुर्ण दलहरु ३ वटै दलमा सत्तापक्षकै दलको हालत पनि त्यहि छ । प्रमुख प्रतिपक्षिको हालत त्यहि छ । त्यसकारण कर्मचारिको हिसाबमा यहाँ छिटो कर्मचारिको व्यवस्था होस । काम वास्तममा अन्यथा यसले धैरै ठुलो समस्या पार्ने वाला छ । च्यसमा वजेटको व्यवस्था पनि छैन अरु प्रदेशमा गएर हेर्नुहोला वुझ्नुहोला त्यहाँ वजेटहरु राखिएको छ । कर्मचारि हरु राखिएको छ । वहुतै सरल तरिकाले अगाडि वढेका छन । यसमा कमि कजजोरि हामि देख्दैछौं भने यो प्रदेशलाइ अँझ व्यवस्थित गर्न अँझ वढि गुणस्तरिय वनाउन अघि भने जस्तो व्यवस्थापन गर्न जरुरि छ । आउँदा दिनहरुमा मेरा सुझाब सल्लाह छ । आउदा दिन हरुमा प्रदेश सरकार र प्रदेश सचिवालय गम्भीर भएर आफ्नो जिम्मेवारिका साथ अगाडि वढोस त्यसमा हाम्रो तर्फवाट हुने सहयोग मा हामि तयार छौं । त्यसपछि अहिले जस्तो भद्र सहमतिका कुरा हरु आएका छन । त्यसलाइ सरकारले हल्का हिसाबले हेरेको होकि भन्ने आभास जस्तो भएको छ । त्यसमा माननीय सभामुख ज्यु र माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री ज्यु यहाँ हुनु हुन्छ । अरु माननीय मन्त्री जी उपसभामुख ज्यु हुनु हुन्छ । उहाले कमसे कम गरेका कमिटमेन्ट हरुलाइ सहि ढंगले अगाडि वढाउनलाइ मनोवलका साथ अगाडि आउनुहोस त्यसले ठुलो राम्रो परिणाम ल्याउँछ जस्तो मलाइ लाग्छ । अर्को प्रदेशका जनताको र समग्र प्रदेशको पक्षमा तत्काल गम्भीर हुनुपर्ने जरुरि छ जो मैले भने । योजना तथा कार्यक्रमहरु जति हामिले गरेपनि सभासदले प्रस्ताव गरेका हुन या स्थानियले दिएका हुन जे तरिकावाट आएका हुन त्यो योजनाहरुको अनुगमन ति योजना हरुको कार्यान्वयन कसरि भईराखेको छ । अनुगमन कस्तो भईराखेको छ त्यसवाट त्यो मुल्याङ्कन गर्दाखेरि हाम्रो के भईराखेको छ करवाट उठेको पैंशा सहि ठाउमा खर्च भएको छ कि छैन । ति कुराहरुमा एकदमै चनाखो हुन जरुरि छ । त्यसको लागि जिम्मेवार त म माननीय सभामुख ज्युलाइ संसदिय अनुगमन तथा कार्यान्वयन गर्ने मुल्याङ्कन गर्ने विशेष समिति यसैवाट वनोस त्यसले स्लेक्टेट ठाउमा कृषि देखि लिएर हरेका ठाँउमा के कस्तो भइराखेको छ यो सभासदहरुले पनि जान्न पाउन त्यो कुरा हरु यहाँ प्रस्तुत होस । जसले गर्दा सरकारपनि भोलि खवरदारिका साथ अगाडि वढ्न सक्छ । हामि सवै सजक हुन सक्छौ योमेरो अनुरोध छ । र अर्को हाम्रो कृषिसंग हाम्रा अहिले कृषि तथा पशुपालन व्यवसायका कुराहरु आए एउटै कुरा माननीय मन्त्री जि लाइ अनुरोध के गर्न चाहान्छु भने यो कृषि पेषामा लागेका मान्छेलाइ तल झार्ने सम्वन्धिको एउटा योजना ल्याउनु होस । यो जरुरिछ । त्यसै कृषिमा लागेको छ भने ८० –८५ भन्ने त्यो कृषिमा लागेका मान्छेको विहान वेलुका छाक टार्न पैशा त्यो कृषि हो छाकटार्ने पैशा वर्ष भरि काम गरेर आउदैन भने त्यस्तो पेशामा लागेर हामि के गर्न खोजि राखेका छौ । त्यसैले अग्रगामि छलाङ भनेको के हो यहि हो अग्रगामि छलाङ अव यसलाइ झार्ने हो अरु काममा लगाउने हो । सवै साना किसानहरुको जग्गालाइ एकठाउमा जोडेर एउटा व्यवसायिक कृषक वनाउने हो । त्यसकोलागि तयार गर्नु न ९ जिल्लामा ९ ठाउँमा ९ वटा ठाँउ हरुमा हैन भने यहि कृषिको तालले गयो भने २०१२ सालमा त्यो योजना आयोग आयो त्यो पनि अहिले भन्दै छ कृषिमा हामिले धैरै प्राथमिकता दियौं । यो

दियौ उति पैशा खोइ के भइराखेको छ । १ वर्ष उल्टो धान आयात गर्नुपर्ने निर्यात गर्नु पर्ने आयात गर्नु पर्ने स्थिति छ समग्र खेति यसको मैले याहाँ कति धान हरु आयात हुन्छ यहि गरिमामय सदनमा तरकारिहरु कति फलफुल हरु यो हेर्दै सोच्दै नसकिने खालको छ त्यसैले यो कृषिमा लागेको पैशाालाइ अँझ मर्यादित वनाउनलाइ अझ व्यवसायिक वनाउनलाइ जरुरि छ त्यसको लागि योजना वास्तममा एउटा संस्था प्रक्रियागत एउटा परम्परागत तरिकामा यो सरकारपनि लाग्ने हो भने हामिले यो सरकार वनाएको के अर्थ हुन्छ । कमसे कम कृषि मन्त्री ज्यु देख्नुहोस त्यसमा लाग्नुहोस हामि साथ दिन तयार छौ । कृषि पेशाको हाम्रो आउँदो ३ वर्ष पछि ५ वर्ष पछि यहाँको जनसंख्या म २५ प्रतिशतमा म झार्छु । अरु पेसामा लगाउछु भन्नुहोस हामि साच्चि उन्नति र प्रगति तिर अगाडि वढ्छौं । अन्यथा मान्छेलाइ अल्झाइ दिने न खान पुग्छ न लाउन पुग्छ । वाध्य भएर वेरोजगार भएर विदेश जाने नै हामि त्यसकारण यसमा प्रार्थमिक्ता दिउ भन्ने मेरो अनुरोध छ । त्यसपछि साझा र प्रदेशका गौरवका विशेषगरि डिपि आरको कुराहरु गरि राखेका छन । डि. पि आर . गर्दै जाने तर त्यसको अभिलेख खोज्दा मन्त्रालयमा पाइदैनन् । ति अभिलेख राम्ररि राख्नु पर्छ । खर्चगर्ने तर ति कसरि राखेका छन । जनताले कुनैपनि पत्रकार होस या पार्टिको होस या कुनैपनि जनता नेपालि नागरिकले आवस्यकता ठान्यो को को वनेको छ । त्यो जानकारि पाउनु पर्छ । जनतावाट उठेको रकम करवाट उठेको हो त्यो माननीय मन्त्री ज्यु हरुलाइ अनुरोध छ । हो त्यसलाइ सकभर यहि सालवाट सुरु गर्नुहोस कमसे कम तपाइहरुले निति ल्याउनु भएको छ । ति डि.पि.आर. वनेकालाइ गर्छु भनेको छ । समावेश भएको अहिले सम्म मैले देखेको छैन । प्रदेश सभालाइ विश्वास दिने सन्दर्भमा मलाइ चिन्ता लागेको छ यहाँ हुन त धेरै माननीय सदस्य ज्यु हरुले पनि उठाउनु भएको छ । प्रदेश सभा हाम्रो जननि हो यसैवाट सरकार वनेको हो । सरकार कुनै अलोकिक हिसाबले आएको हैन त्यसकारण प्रदेश सभामा उठेका जति महत्वपुर्ण कुरा हरु छन त्यसको जिम्मेवार तरिकाले त्यसलाइ सल्ट्याउने त्यसलाइ सम्वोधन गर्नु पर्ने हुन्छ । यहाँ माननीय सभामुखज्यु कराइ रहनु पर्ने १० चोटि भनिरहनु पर्ने हामिपनि माननीय सभामुख महोदयको कुरामा विस्वासमा असहमत छौं । तर कतिपय कुराहरुमा हामिलाई लागेका कुराहरुलाइ भनिराखेका छौ ।सरकारले जवाफ दिनुपर्छ । यो गर्‍यौं, यो गर्न सकेनौ यो कारणले गर्न सकेनौ त्यस सन्दर्भमा निरन्तरता होस भन्ने सुभकामना दिन चाहान्छु । अर्को संस्थागत रुपले भ्रष्टाचार वढ्दै गयो । यो केन्द्रतिर छदै थियो अहिले आएर झन वढ्दै गएको छ । त्यसलाइ न्युनिकरण गर्ने अनि हाम्रो आन्तरिक मामिला तथा योजना मन्त्री जि यहाँ हुनु हुन्न । उहाले त यो भ्रष्टाचारलाइ ० मा पुगाउँछु भन्नु भएको थियो तर देखिएको छैन ।अव सुरुवात गर्नुहोस अन्यथा अर्को एउटा महत्वपुर्ण पाटो के छ भने । हामी सदा असारे विकासको निरन्तरता तिर लागेका छौ । भन्दाखेरि हामि आउँदो सालमा हामि असारदेखि हैन वैशाख भित्र सिध्याउँछौं भनेको छ । तर काम फेरि असारको अन्तमै सिध्याउँदा खेरि हेर्नु होस् त कालोपत्रे असारमा गरिन्छ । कालो पत्रेमा पानि झर्छ पानि झरिसकेपछि गुणस्तरको के हुन्छ । उल्टो सोच जान्छ । त्यसकारण प्रदेश सभामा उठेका कुराहरुलाइ र यि सम्पुर्ण कुरा हरुलाइ खास गरेर जुन हिसाबले यो सरकारले सम्वोधन गर्ने कुरामा देखि लिएर किन नहोस यि सम्पुर्णमा आयो भन्ने मलाइ लाग्छ । राम्रो हुन्छ । यो सदन विशेष गरि र सरकारको महत्वपुर्ण पर्छ भन्ने मलाइ आशा लाग्छ । अनुरोध गरेको छु त्यसको साथै यो पाचौं अधिवेशन जुन आउन गईरहेको छ । त्यसको सफलताको कामना गर्न चाहान्छु त्यसपछि हामिपनि एकजुट भएर यहाँको जनताको पक्षमा यो प्रदेश को सम्वृद्धिको पक्षमा एकजुट भएर लगौ हामि लाग्न तयार छौं हामि सहयोग गर्न तयार छौं । तर त्यहि गलत कुराहरुलाइ निरन्तरता नदिउँ यहि सुभकामनाका साथ विदा हुन्छु धन्यावाद नमस्कार ।

**माननीय मालामती कुमारी राना :–** माननीय सभामुख महोदय, सुचना पाए अनुसार आज चौथो अधिवेसनको समापन हुदैछ भन्ने कुराको हामिलाइ जानकारि आएको छ । हामि जेठ १ गते देखि आज सम्म हामिले ८ वटा विधेयक पास गर्‍यौं र अरु २, ४ वटा पनि काम गर्‍यौं त्यो भन्दापनि आज जुन चाहि हामिलाइ सुदूर पश्चिमका माननीय ज्यु हरु एउटा रेकर्ड हामिलाइ दिनुभयो मलाइ पनि दिनुभएको छ । यो रेकर्ड हेर्दा खेरि मैले यस प्रदेशका माननीय सांसद ज्युहरुलाइ म धेरै धेरै वधाइ दिन चाहन्छु । किन भने म विगतमा सभासद हुँदा खेरिको अनुभव र अहिलेको प्रदेश संसद हुँदाखेरिको अनुभव जो उपस्थिति मैले देखे त्यस अनुसार मैले के देखेको छु भने हाम्रा सुदूर पश्चिमका माननीय ज्युहरु हाम्रो काम कर्तव्य केछ । एकदम जिम्मेवारिका साथ सम्वोधन शिलताका साथ उहाँहरु उपस्थिति भएर उहाँहरुले आ–आफ्नो कामको जिम्मेवारि लिईराख्नु भएको छ । त्यसकारण म उहाँहरुलाइ म माननीय ज्यु हरुलाइ पुनः धन्यवाद र वधाइ पनि दिन चाहान्छु । त्यसै क्रममा हामिले ८ वटा विधेयक त पास गर्‍यौं माननीय सभामुख ज्यु, पास गरेर हुदैन सभामुख ज्यु यि विधेयक हरुलाइ हामिले कार्यान्वयन तिर पनि लग्नु पर्छ । हामिले विधेयक लगभग हाम्रो २ वर्ष भईसक्यो २ वर्षमा हामिले थुप्रै विधेयकहरु वनायौं तर ति विधेयकहरु कति कार्यान्वयन भए । यो गरिमामय सदनलाइ जानकारि हुनु पर्छ अहिले सम्म पनि ति विधेयकका वारेमा जानकारि भएको छैन । त्यति मात्रै होइन सभामुख महोदय, हामि सांसदहरु वोलेका रेकर्ड हरु यहाँ हुन्छन । तर हाम्रा रेकर्डहरु कतिका कार्यान्वयन भए आज हामिलाइ जानकारि हुनु पर्ने थियो । त्यो पनि हामिलाइ भएन । र यो चौथो अधिवेसनमा यो सरकारको कामिले काम हेर्दा खेरि चौथो अधिवेसन सम्म पुग्दा यो सरकार जो हामिले कामहरु देख्यौ । एकदम सुस्त गतिले चलेको हामिले पाएका छौँ । सभामुख महोदय, सरकारले अरवौं वजेट विनियोजन गर्छ । तर समाजमा विकास न्युन देखिन्छ । वजेट विनियोजन गरे अनुसार समाजमा अहिले सम्म विकाश देखिएको छैन । उदाहरणको रुपमा कुनै ठाउमा ८४ लाखको वजेट गएको छ । जनता हरुले मलाइ आफै भनेका छन, ८४ लाखको वजेट गएको छ त्याहाँ घुणा सम्मको तटवन्ध वनाएको छ । त्यो तटवन्ध अहिले सुदूरपश्चिममा अहिले सम्मपनि वाढी आएकै छैन । एकदुई महिनामा मात्रै अलि अलि पनिपरेको छ यहि पानिमा त्यो तटवन्ध वगेर गयो । त्यसकारण यसै सुदूरपश्चिम प्रदेश भरि चाहिँ यहि हाल छ । जनताहरुले जति कर तिर्छन कर अनुसार उहाँहरुले विकाश खोजिरहेका छन । हाम्रो कर कहाँ जान्छ । हामिले सुन्छौ याहाँ १ करोड वजेट विनियोजन गरिएको छ । १० करोड वजेट विनियोजन गरिएको छ । ५० लाख वजेट विनियोजन गरिएको छ । तर त्यो अनुसारको अहिलेसम्म विकाश भएको छैन । सरकार अफैमा सम्वेदनशिल हुने कि नहुने अनि त्यसको अनुगमन गर्ने कि नगर्ने त्यसकारण त्यति मात्रै हैन सुदूरपश्चिम प्रदेशमा हत्या, हिँशा अहिले सम्मपनि रोकिएको छैन । दिन दहाडै मान्छे मारि रहेका छन । सुरक्षाको कमि छ । वलात्कार पनि जताततै भईरहेको छ । निर्मला पन्तको १ वर्ष पुगिसक्दा पनि अहिले सम्मपनि निर्मला पन्तका परिवारले न्याए पाएको छैन । यो सरकारले न्याए पाउनको लागि पहल गर्ने कि नगर्ने यदि सुदूरपश्चिम प्रदेश वाट न्यायको लागि पहल हुन सक्दैन भने संघिय सरकारलाइ अनुरोध गर्नु पर्छ । प्रदेश सरकारले यो प्रदेशमा भ्रष्टाचार पनि त्यतिकै वढेको छ । भ्रष्टाचारले यहाँ वह्रमलुट भईराखेको छ । वजेटमाथि वजारमा सुरक्षाको कमि छ दिन दहाडै चारि डकैति भईरहेको छ । त्यति मात्रै हैन प्रदेश सरकारले जेठ महिनामा आएको हावा हुरि वापत प्रदेश सरकारले राहत घोषणा गर्नु भएको थियो राहातमा प्रदेश सरकारले पुर्ण क्षति भएको लाइ २०

हजार अर्ध क्षेति भएको लाइ १० हजार तर क्षेति पुर्ति दिने वेला अहिले ५ , ५ हजारमात्रै पाइरहका छन । त्यसमा पनि पाउनु पर्ने पिडित हरुले अहिले सम्म पाएका छैनन् । तर सरकारको ध्यान गएको छैन । त्यसकारण सरकारले वेलैमा यस्तो कुरामा ध्यान दिनुपर्छ । र २० हजारको ५ हजारमा कसरि घट्यो यसको पनि यो गरिमामय सदनलाइ जानकारि हुनु पर्छ । र ५हजार दिने वेला स्थानिय वडा हध्यक्ष लाइ मारकाट झगडा गराउने वाहेक अरु केहि पनि गरेको छैन यो सरकारले र २०७६/७७ को वजेट वास्तममा यो अधिवेशन वजेट को अधिवेशन नै हो । हामिले वुझेका छौ । यो वजेट २८,१६,२०,३५,००० हजार अर्थ मन्त्री ज्युले विनियोजन गर्नु भएको थियो । यो वजेटको रेड वुक हामिले अध्ययन गर्दा प्रतिपक्ष र समानुपातिकलाइ वन्चित गरिएको थियो । त्यसकारण हामिले १५ दिन  सम्म सदन अवरुद्ध गर्‍यौं सदन अवरुद्ध गर्दा हामि प्रतिपक्षले नेपालि काँग्रेस र रा.ज.पा.ले धेरै गालि खाइयो । धेरै हामिलाइ गालि गरियो । तर सरकारले प्रतिपक्षलाइ वार्तामा वोलायो वार्तामा सहमतिमा हामिले वुझे सुने अनुसार ५३ जना माननीय जी हरुलाइ सम्मान जनक वजेटको विनियोजन हुनु पर्छ भन्ने हामिले जनकारि पायौं । र भद्र सहमति भएको थियो । तर अहिले सम्म के भईरहेको छ त्यो हामिलाइ जानकारि हुनु पर्छ । यो गरिमामय सदनलाइ जानकारि गराउनु पर्छ । समय गइसकेपछि जानकारि हुन्छ कि  समय गइसकेपछि जानकारि भएपछि हामि कार्यान्वयन कहिले गर्ने हो । त्यसकारण सदनलाइ जनकारि गराउनु जरुरि छ । र अर्थ मन्त्री ज्युले वजेट भाषण गर्दा खेरि आफ्नै मुखले भन्नु भएको हो । असन्तुलित भन्ने शव्द डिक्सनरि वाट हटाई दिन्छौं । त्यो शव्द अहिले सम्म हटेको छ कि छैन । हामिलाइ लाग्छ त्यो शब्द हटेको छैन । यदि हटेको भए पक्कै पनि अहिले सम्म यो वजेट कार्यान्वयन भईसक्ने थियो । तर अहिले सम्म कार्यान्वयन भएको छैन । हामिले वुझेका छौ । यो योजना कार्यान्वयन गर्ने वेला हामि सांसदहरुलाइ कुनै जानकारि हुँदैन । त्यसकारण हामिलाइ कार्यान्वयन गर्दा हामिलाइ जानकारि हुनु पर्छ । सांसदहरुलाइ र अनुगमन समितिमा पनि हामिले वस्न पाउनु पर्छ । किनकि हामि सांसद हो । सांसद भैसकेपछि वजेटको अनुगन समितिमा पनि हामिलाइ राख्नु पर्छ । हामि वस्न पाउनु पर्छ । यो सदन जव देखि संचालन भएको छ । त्यो दिनदेखि म सरकारको कमजोरि नै भन्न चाहान्छु । यो सदन जवदेखि संचालन भयो त्यो दिनदेखि सरसफाइ पनि भएको छैन । मैले देखे वुझे अनुसार यो हाउस गन्आउने गरेको छ । पाहुनाहरु आउँदा खेरि हामिलाइ लाज लाग्छ । २८ अरवका वजेट नत विकास हुन्छ नत यो सदनको सरसफाइ देखि लिएर मेटिरिएलको पनि अभाव छ । किन यो सदनलाइ सरकारले साफ र मैटिरियल सम्पन्न गरि रहेको छैन र म सरकारलाइ अनुरोध गर्न चान्छु । संसदिय दलको वारेमा माननीय ज्यूले धेरै कुराहरु राखेर गईसक्नु भएको छ । संसदिय दलको यस्तो अवस्था छ । जो हामि भन्न सक्दैनौ । २ वर्ष गइसक्यो संसदिय दल संचालन गर्नको लागि अहिले सम्म कर्मचारि पनि छैन । कुरा गरौं भने लाज लाग्छ आफ्नै प्रदेशको कर्मचारि पनि छैन वजेटको पनि कुनै व्यवस्था छैन । र त्यसकारण आगामि दिनमा प्रदेश सरकारसंग म आग्रह गर्न चाहान्छु । प्रदेश सरकार गम्भीर हुनुपर्छ । सम्वेदनशिल हुनु पर्दछ । अहिले त यो देशकै पाहुना हरु आइरहेका छन । भोलिको दिनमा विदेशि पाहुना पनि आउन सक्छन । र यो सदन लाइ अलि मर्यादित वनाउनु पर्छ । मर्यादित राख्न म प्रदेश सरकारलाइ अनुरोध गर्दै अफ्ना दुई शव्द यहिँ अन्त्य गर्दछु धन्यावाद ।

**१७. माननीय सदस्यहरू,**

यस चौथो अधिवेशनको अन्तिम बैठकको कार्बाही यही समाप्त हुन्छ ।

अन्तमा यस सभाको चौथो अधिवेशनमा सभाको मर्यादा कायम राखी अनुशासित भई बैठक सञ्चालनमा सहयोग पुऱ्याउने सम्पुर्ण माननीय सदस्यहरु र सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिदै चौथो अधिवेशन यँही अन्त भएको घोषणा गर्दछु ।